राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४२ २०८२ पुस ९ गते बुधवार (24 Dec. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## लागु औषधसहित चार जना पक्राउ



दैनिक समाचारदाता
महोत्तरी, ८ पुस । प्रतिबन्धित लागुऔषध ओसारपसार गरिरहेको अवस्थामा प्रहरीले दुई भारतीयसहित चार जनालाई पक्राउ गरेको छ । प्रहरीले महोत्तरीको सीमावर्ती गाउँपालिका सम्सी(६ का २१ वर्षीय शेष तनबिर र सोही उमेरका मुसाहिदुल इस्लाम तथा भारत बिहार राज्यको सितामढी जिल्ला, वेला थाना(६ का २२ वर्षीय राजु कुमार मण्डल र २१ वर्षीय अरबिन्द कुमार मण्डललाई नियन्त्रणमा लिएको हो ।

सुराकीका आधारमा इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रमेश लामाको कमाण्डमा खटिएको गस्तीले लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिवास र इलाका प्रहरी कार्यालय रामगोपालपुरसँग संयुक्त गस्तीका क्रममा उनीहरूलाई भारी परिमाणको लागुऔषधसहित पक्राउ गरको जनाएको छ ।

सुरक्षा गस्तीले औरही नगरपालिका(१ स्थित बर्दिवास( जलेश्वर सडकखण्डमा दुई वटा भारतीय नम्बर प्लेटका मोटरसाइकलमा शङ्कास्पद रूपमा बर्दिवासतर्फ आउँदै गरेका उनीहरूको सोमबार साँझ चेकजाँच गर्ने क्रममा उक्त लागुऔषध बरामद गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार बीआर ३० एक्यू २२८५ र बीआर ३० डब्लु ०३२४ नम्बरका मोटरसाइकलमा सवार उनीहरूको साथबाट प्लास्टिकको कालो झोलाभित्र डाइजेपाम ४७४ एम्पुल, बुप्रेनोर्फिन ४८४ एम्पुल र फेनारगन ४७८ एम्पुल गरी जम्मा एक हजार ४३६ थान नियन्त्रित लागुऔषध फेला परेको थियो ।

लागुऔषधसँगै उनीहरूले प्रयोग गरेका दुई थान मोटरसाइकल, साथमा रहेको नगद १४ हजार नौ सय रुपियाँ र चार थान मोबाइल फोन पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका चारै जनालाई बरामद सामग्रीसहित इलाका प्रहरी कार्यालय गौशालामा राखी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक भट्टले जानकारी दिनुभयो ।

## प्रेस काउन्सिलमा तथ्यजाँच सम्बन्धी छलफल



दैनिक समाचारदाता
काठमाडौँ, ८ पुस । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यले मिथ्या सूचनाका कारण सञ्चार माध्यमप्रति पाठक, स्रोता र दर्शकको विश्वसनीयता घटिरहेको बेला तथ्यजाँच आवश्यक रहेको औँल्याउनुभएको छ ।

प्रेस काउन्सिल नेपालले मङ्गलबार काउन्सिल सभाहलमा आयोजित सञ्चार माध्यमको अनुगमन गर्ने सन्दर्भमा तथ्यजाँच सम्बन्धी छलफल कार्यक्रम अध्यक्ष डा. आचार्यले त्यसका लागि स्वतन्त्र तथ्यजाँचकर्ताहरुको भूमिका अपरिहार्य हुने बताउँदै सामाजिक सञ्जालमा आएका सबै सूचनालाई तथ्य समाचार नठान्न आग्रह गर्नुभयो ।

काउन्सिलद्वारा गठित तथ्यजाँच कार्यदलका संयोजक भीमलाल श्रेष्ठको सभापतित्वमा आयोजित उक्त छलफलमा तथ्यजाँचका क्षेत्रमा क्रियाशील उमेश श्रेष्ठ, प्रवेश सुवेदी, रविराज बराल, शिव बस्नेत, यामु कँडेललगायतले तथ्य जाँचसम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा भएगरेका अभ्यास तथ्यजाँचसम्बन्धी, तौरतरिका, विधि र काउन्सिलले आगामी दिनमा गर्नुपर्ने कार्यमा सम्बन्धमा काउन्सिललाई सुझाव दिनुभयो । स्वतन्त्र निकायबाट प्रमाणका आधारमा तथ्यजाँच हुने हुँदा काउन्सिलले त्यस्ता नियकासँग साझेदारी गर्न एवं मिथ्या सूचना फैलनबाट बच्नेबारे जगारणका कार्यक्रम सञ्चालन गर्न उपर्युक्त हुने विज्ञहरूको सुझाव रहेको थियो ।

काउन्सिलले पत्रकार अनुगमनसंहिता अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुगोस् भन्ने हेतूले तथ्यजाँचसम्बन्धी विज्ञहरूसँग छलफल कार्यक्रम आयोजना गरिएको संयोजक भीमलाल श्रेष्ठले जानकारी दिनुभयो । छलफल कार्यक्रममा काउन्सिल सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, बालकृष्ण अधिकारी, मुख्य अधिकृत झबिन्द्र भुसाललगायतको सहभागिता रहेको थियो ।

## प्रधानमन्त्री र प्रमुख तीन दलका नेतृत्वबीच पहिलोपल्ट छलफल

दैनिक समाचारदाता
काठमाडौँ, ७ पुस । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीसहित प्रमुख तीन दलका शीर्ष नेतासँग पहिलो पटक छलफल गर्नु भएको छ । छलफलमा राष्ट्रपति पौडेल, प्रधानमन्त्री सुशीला कार्की, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, नेनकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’सहभागी हुनु हुन्छ ।

राष्ट्रपति कार्यालयमा भएको भेटमा फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचन र समसामयिक राजनीतिक घटनाक्रमका विषयमा छलफल भइरहेको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ । अहिले उहाँहरूबीच आगामी निर्वाचनका साथै समसामयिक विषयमा छलफल जारी रहेको राष्ट्रपतिको सचिवालयले जनाएको छ । जेनजी आन्दोलनपछि पहिलो पटक शीर्ष नेताले राष्ट्रपति र प्रधानमन्त्रीसँग एकसाथ बैठक गर्नुभएको हो ।




## हत्या आरोपमा सासु र नन्द पक्राउ

दैनिक समाचारदाता
सिन्धुली, ८ पुस । सिन्धुलीको कमलामाई नगरपालिका(४, धुराफाँट निवासी ३२ वर्षीया सुशीला बम्जनको हत्यामा संलग्न रहेको आशङ्कामा दुई जनालाई पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीले मङ्गलबार विज्ञप्ति जारी गर्दै घट्नामा संलग्न भएको आशङ्कामा मृतककी सासू ५९ वर्षीया मायारानी बम्जन र नन्द ३५ वर्षीया मीना लामा (बम्जन) लाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको बताउका छन् । पहिलो अनुसन्धानमा सासु र नन्द दुबैले सुशिलालाई आइतबार (पुस ६ गते) भान्सा कोठामा शरीरमा पेट्रोल छर्की आगो लगाई हत्या गरेको खुलेको छ ।

प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीका अनुसार घटनास्थल शङ्कास्पद देखिएकाले सोही दिन तत्काल मृतककी सासू मायारानी र नन्द मीनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । मृतकका बुवा हरिहरपुरगढी गाउँपालिका(४ निवासी प्रेमबहादुर घिसिङले सोमबार पक्राउ परेका प्रतिवादीको नाममा किटानी जाहेरी दर्ता गराएका छन् ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
- झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
- सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
- उपभोक्तालाई मर्का परे उजुरी दिने/लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# जलवायु परिवर्तन र मधेशका सीमान्त समुदाय

जलवायु परिवर्तन आज केवल वातावरणीय समस्या रहेन । यो सामाजिक, आर्थिक र मानव अधिकारसँग गाँसिएको गम्भीर संकटको रूपमा विश्वसामु उभिएको छ । नेपालजस्तो विकासोन्मुख र जलवायु जोखिमयुक्त मुलुकमा यसको असर अझ असमान ढंगले देखिन थालेको छ । विशेषगरी मधेश प्रदेशमा जलवायु परिवर्तनको मार सबैभन्दा बढी दलित, आदिवासी-जनजाति र अपाङ्गता भएका व्यक्तिहरूमाथि परेको तथ्य अन्तरक्रिया कार्यक्रममार्फत पुनः सतहमा आएको छ । यो अवस्था कुनै आकस्मिक घटना होइन, राज्यको दीर्घकालीन बेवास्ता र नीतिगत उदासीनताको परिणाम हो ।

बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, डुबान र खडेरीजस्ता जलवायुजन्य समस्याले मधेशको जनजीवनलाई वर्षेनी थप असुरक्षित बनाउँदै लगेको छ । मधेश प्रदेशको ठूलो जनसंख्या कृषि र प्राकृतिक स्रोतमा निर्भर छ । मौसमको ढाँचा असन्तुलित हुँदा बाली उत्पादन घट्नु, पानीका स्रोत सुक्नु र जीविकोपार्जन संकटमा पर्नु स्वाभाविक छ । तर यस संकटको भार सबै समुदायले समान रूपमा बोकिरहेका छैनन् । सामाजिक, आर्थिक र भौगोलिक रूपमा पछाडि पारिएका समुदायहरू यसका मुख्य पीडित बनेका छन् ।

दलित र आदिवासी समुदाय परम्परागत रूपमा नदी, वनजंगल र जोखिमयुक्त भूभागको छेउछाउमा बसोबास गर्दै आएका छन् । जलवायु परिवर्तनले ती क्षेत्रहरू झन् असुरक्षित बन्दै जाँदा उनीहरूको जीवन र जीविका दुवै संकटमा परेका छन् । खेतीपातीमा निर्भर आदिवासी समुदायका लागि मौसमको अनिश्चितता प्रत्यक्ष जीवन-मरणको प्रश्न बनेको छ । खाद्य सुरक्षा कमजोर हुँदै जानु, वैकल्पिक आम्दानीको अभाव र राज्यबाट पर्याप्त सहयोग नपाउनु उनीहरूका साझा पीडा हुन् ।

यस सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था झनै गम्भीर छ । प्रस्तुत प्रतिवेदनअनुसार नेपालमा करिब २.२ प्रतिशत जनसंख्या, अर्थात् साढे छ लाखभन्दा बढी व्यक्ति कुनै न कुनै प्रकारको अपाङ्गतासँग बाँचिरहेका छन् । जलवायुजन्य विपद्का बेला उनीहरू दोहोरो जोखिममा पर्छन् । बाढी, डुबान वा अत्यधिक गर्मीका समयमा सुरक्षित स्थानमा पुग्न कठिनाइ, पूर्वसूचना प्रणाली अपाङ्गमैत्री नहुनु, आपतकालीन संरचना पहुँचयोग्य नहुनुजस्ता समस्याले उनीहरूको जीवन थप जोखिममा पार्छ ।

अपाङ्गता समावेशीकरणसम्बन्धी विज्ञहरूले औंल्याएझैं, अपाङ्गता भएका व्यक्तिप्रति अझै पनि सामाजिक र सांस्कृतिक विभेद कायम छ । जलवायु परिवर्तनको सन्दर्भमा राज्यले उनीहरूलाई लक्षित स्पष्ट नीति तथा कार्यक्रम नल्याउनु चिन्ताजनक विषय हो । जलवायु अनुकूलन, विपद् व्यवस्थापन र पुनर्स्थापनाका योजना कागजमा सीमित रहँदा त्यसको मूल्य सबैभन्दा पहिले सीमान्त समुदायले चुकाउनु परेको छ ।

राज्य संरचनाको अर्को गम्भीर कमजोरी भनेको यथार्थ तथ्यांकको अभाव हो । मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्ति र आदिवासी-जनजातिको विश्वसनीय तथ्यांक नहुनु नीति निर्माणको मूल समस्या हो । तथ्यांक बिना बनाइने नीति प्रभावहीन हुने निश्चित छ । जलवायु परिवर्तनजस्तो जटिल विषयमा तथ्यांक-आधारित, समुदाय-केन्द्रित र समावेशी नीति आवश्यक हुन्छ ।

अन्तरक्रिया कार्यक्रममा प्रदेश सरकारका प्रतिनिधिहरूले राजनीतिक अस्थिरताका कारण काम प्रभावित भएको स्वीकार गर्नु सकारात्मक आत्मस्वीकृति भए पनि यसले जिम्मेवारीबाट उम्किने आधार बन्न सक्दैन । जलवायु परिवर्तन कुनै दलगत वा सरकार परिवर्तनसँग रोकिने समस्या होइन । संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट भूमिका बाँडफाँड र साझा जिम्मेवारी आवश्यक छ । वनजंगल र नदी-नालाको छेउछाउमा बसोबास गर्ने समुदायका लागि पूर्वसूचना, सुरक्षित बसोबास र विपद् व्यवस्थापन राज्यको संवैधानिक दायित्व हो ।

आज आवश्यक कुरा भनेको जलवायु परिवर्तनलाई वातावरणीय मुद्दाको साँघुरो घेराबाट बाहिर निकालेर सामाजिक न्यायको प्रश्न का रूपमा बुझ्नु हो । दलित, आदिवासी र अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै नीति, कार्यक्रम र बजेट सुनिश्चित नगरी समावेशी विकासको कुरा गर्नु केवल औपचारिकता हुनेछ । जलवायु अनुकूलन योजनामा उनीहरूको अर्थपूर्ण सहभागिता, पहुँचयोग्य पूर्वाधार, जीविकोपार्जनका वैकल्पिक कार्यक्रम र सामाजिक सुरक्षा सुदृढीकरण अपरिहार्य छ ।

अन्ततः, जलवायु परिवर्तनको असरले देखाइरहेको यो यथार्थले राज्यलाई गम्भीर आत्मसमीक्षाको अवसर दिएको छ । यदि आज पनि सीमान्त समुदायको पीडालाई सुन्ने र समाधान खोज्ने राजनीतिक इच्छाशक्ति देखिएन भने, जलवायु संकटले सामाजिक विभाजनलाई अझ गहिरो बनाउनेछ । मधेशको विकास र न्यायपूर्ण भविष्य सुनिश्चित गर्न जलवायु नीति सामाजिक समावेशिताको बलियो आधारमा उभिनु अब विकल्प होइन, आवश्यकता हो ।

# जेनजीसँगको १० बुँदे सम्झौता कार्यान्वयनमा सकस



रमेश अधिकारी

जेनजी आन्दोलनको बलमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको करिब तीन महिनापछि, अर्थात् मंसिर २४ गते सरकारका तर्फबाट प्रधानमन्त्री कार्की र जेनजीका तर्फबाट सहिद परिवारका प्रतिनिधि भोजविक्रम थापाले १० बुँदे सम्झौतामा हस्ताक्षर गरे । जेनजीका तर्फबाट जेनजी मुभमेन्ट अलायन्स, काउन्सिल अफ जेनजी, जेनजी फ्रन्ट लगायत समूह संलग्न यो सहमतिले आन्दोलनलाई जनआन्दोलनको मान्यता दिएको छ ।

त्यसो त सरकारसँग सम्झौतामा जेनजी पक्षबाट हस्ताक्षर गरेका भोजविक्रम थापा जोडिएको मेलम्ची खानेपानी आयोजनाको भ्रष्टाचार मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदनमा जाने निर्णय गरेको छ । विशेष अदालतले एक वर्षअघि गरेको फैसला विरूद्ध सर्वोच्चमा पुनरावेदन गर्ने निर्णय अख्तियारका आयुक्तहरूको बैठकले गरिसकेको छ ।

मैले यसमा थापाको भ्रष्टाचार मुद्दाको कुरा उठान गर्न खोजेको होइन । तर यस्ता सार्वजनिक महत्वका सरकारी दस्ताबेजका हस्ताक्षरकर्ता हुँदा उनले यस संवेदनशीलताको ख्याल गर्नुपर्थ्यो । सुशासन कायम गर्न व्यक्ति वा संस्थाको इमानदारिता र निष्ठा कति महत्वपूर्ण हुन्छ भन्ने यो नमिठो घटनाले प्रमाणित गर्छ । र, आइन्दा यस्ता सार्वजनिक महत्वका दस्ताबेजहरूमा गरिने हस्ताक्षरकर्ताहरूको स्वच्छता सरकारले पनि भेटिङ गर्न सुरू गर्नुपर्छ ।

अब सम्झौताबारे विश्लेषण गरौं । यो सहमति आन्दोलनका पीडितहरूलाई राहत दिनेदेखि संरचनात्मक सुधारसम्मका विषय समेटेको छ । तर पनि यसको कार्यान्वयन, राजनीतिक वैधानिकता र दिगोपनमा प्रश्नहरू अगाडि आएका छन्। तीन महिनासम्म जेनजी समूहहरूको लगातार दबाबपछि भएको सम्झौताले आन्दोलनलाई वैधानिकता दिँदै सहिद घोषणा, घाइते राहत, संविधान संशोधन आयोग, निर्वाचन सुधार, सुशासन आयोग, राजनीतिक दलहरूको सम्पत्ति छानबिन र जेनजी परिषद गठनजस्ता प्रतिबद्धता जनाएको देखिन्छ।

हालसम्म यस्ता सम्झौता राजपत्रमा प्रकाशित हुने नगरेको प्रचलनमा यस पटक राजपत्रमा समेत प्रकाशित गर्ने सहमतिसँगै गरिएको निर्णयले यसको कार्यान्वयनमा बाध्यात्मक होस् भनेर यसलाई कानुनी मान्यता दिइएको छ।

यसमा कानुनी पृष्ठभूमि भएका मन्त्रीहरूको बाहुल्य रहेको मन्त्रिपरिषद छलफल गरेर नै राजपत्रमा प्रकाशित गर्ने निर्णयका कानुनी औचित्य राम्रै होला। हस्ताक्षर समारोहमै केही जेनजी अभियानीहरूले विरोध गर्दै सम्झौता पत्र च्यातेपछि आन्दोलनभित्रको विभाजन फेरि छर्लंगिएको छ।

***के छन् त सम्झौताका बुँदाहरूमा?***

पीडित राहत, संस्थागत सुधार र युवा सहभागितामा केन्द्रित रहेको सम्झौताका १० बुँदालाई मैले मूलतः पाँच भागमा विभाजन गरेको छु। पहिलो, यस सम्झौताले आन्दोलनमा ज्यान गुमाउनेलाई सहिद घोषणा गर्ने र पीडित परिवारलाई क्षतिपूर्ति दिने, घाइतेको निःशुल्क उपचार गर्ने, शिक्षा र रोजगारीको सहजीकरण गर्ने र सहिद स्मृति पार्क निर्माण गर्ने प्रतिबद्धता गरेको छ।

दोस्रो, सम्झौताले मानव अधिकार उल्लंघन, दमन र गैरन्यायिक हत्याको छानबिन गर्न उच्चस्तरीय आयोगको कार्यादेश विस्तार गरी दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता जाहेर गरेको छ।

तेस्रो, भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने मागको जगमा ठडिएको आन्दोलनलाई सम्बोधन गर्न स्थायी सुशासन आयोग गठन, राजनीतिक दल र पदाधिकारीको सम्पत्ति छानबिन आयोग र स्रोत नखुलेको सम्पत्ति जफत गर्ने जस्ता गर्नैपर्ने कामको उल्लेख छ ।

चौथो, सबैभन्दा आवश्यक तथा कठिन कार्य संविधान संशोधन र निर्वाचन प्रणालीमा परिवर्तन गर्न युवा र विज्ञ सहभागी सहित संविधान सुझाव आयोग गठन गर्ने र प्रत्यक्ष कार्यकारी, पूर्ण समानुपातिक निर्वाचन, 'नो भोट' विकल्पमा पनि छलफल गर्ने कुरा उल्लेख भएको छ।

पाँचौं, जेनजी परिषद गठन गरी नीति निर्माणमा सल्लाह लिने भनिएको सहमतिबाट निर्णय प्रक्रियामा युवाहरूको सहभागिताको वातावरण सिर्जना गर्ने देखिन्छ । साथै डिजिटल स्वतन्त्रता र अभिव्यक्ति अधिकार सुनिश्चित गर्ने भनिएको छ।

***सम्झौताका सकारात्मक पक्षहरू***

यो १० बुँदे सम्झौताले नेपालको राजनीतिक इतिहासमा युवा पुस्ताको आवाजलाई राज्यले औपचारिक रूपमा स्वीकार गरेको एउटा ऐतिहासिक दस्तावेज हो । जेनजी जनआन्दोलनले पुराना राजनीतिक दलहरूको असफलता, भ्रष्टाचार, बेरोजगारी र सुशासनको अभाव उजागर गरेको थियो। यो आन्दोलनले तत्कालीन सरकारलाई विस्थापित गरेर अन्तरिम सरकार गठनको बाटो खोलेको थियो।

तीन महिनापछि भएको यो सम्झौताले आन्दोलनको भावनालाई सम्मान गर्दै दीर्घकालीन सुधारको आधार तयार पारेको छ। यसका मुख्य राम्रा पक्षहरू निम्नानुसार छन्।

पहिलो, सम्झौतामा आन्दोलनमा ज्यान गुमाउनेलाई सहिद घोषणा गर्ने, सहिद परिवारलाई क्षतिपूर्ति, घाइतेको निःशुल्क उपचार, शिक्षा र रोजगारीको व्यवस्था गर्ने प्रावधान राखेर पीडितहरूप्रति न्याय र सम्मान गरिएको छ।

यसले सहिद स्मृति पार्क निर्माण गर्ने भनेर स्मृतिकरणको व्यवस्था पनि गरेको छ। यो प्रावधान नैतिक र मानवीय दृष्टिकोणले अत्यन्त आवश्यक थियो। किनकि आन्दोलनमा ७२ जनाभन्दा बढीको ज्यान गएको थियो र सयौं घाइते भएका थिए।

आन्दोलनमा सहभागी हुने र घाइते हुनेहरूप्रति राज्यको सम्मान व्यक्त गरेर पीडित परिवारहरूलाई तत्काल राहत दिने कुरा सकारात्मक देखिएका छन्। विगतका आन्दोलनहरूमा पीडितहरूलाई बेवास्ता गरिएको इतिहासलाई हेर्दा यो पक्ष निकै प्रशंसनीय छ। यसले युवा पुस्तालाई राज्यले उनीहरूको समस्यालाई सुनेको छ भन्ने सन्देश दिन्छ र भावनात्मक रूपमा आन्दोलनलाई वैधानिकता प्रदान गर्छ।

दोस्रो, यो दीर्घकालीन संरचनात्मक सुधारको आधार बनेको छ। सम्झौतामा भ्रष्टाचार नियन्त्रणका लागि स्थायी सुशासन आयोग गठन, राजनीतिक दल र पदाधिकारीहरूको सम्पत्ति छानबिन आयोगको व्यवस्था छ। स्रोत नखुलेको सम्पत्ति जफत गर्ने प्रावधानले पुराना विकृतिहरू सम्बोधन गर्ने बलियो आधार बन्छ ।

तेस्रो, निर्वाचन सुधारमा पूर्ण समानुपातिक प्रणाली, 'नो भोट' विकल्प, दलभित्र अनिवार्य प्राइमरी चुनाव, दलका अध्यक्षलाई दुई कार्यकालको सीमा, विदेशमा रहेका नेपालीलाई मतदान अधिकार जस्ता प्रावधानहरू समावेश छन् ।

यी सुधारहरूले मतदाताको अधिकार बढाउँछन् र राजनीतिक प्रणालीलाई पारदर्शी र जबाफदेही बनाउँछन्। संविधान संशोधन सुझाव आयोग गठन गर्ने र आयोगमा युवा, विज्ञ र जेनजी प्रतिनिधि सहभागी हुने भन्ने प्रावधान सराहनीय छ ।

चौथो, जेनजी परिषद गठन गरेर युवालाई नीति निर्माणमा सल्लाहकार भूमिका दिने प्रावधानले आधुनिक लोकतन्त्रको माग सम्बोधन गर्छ र नवयुवाहरूको अपनत्व र सहभागिता बढ्ने सम्भावना देखिन्छ।

डिजिटल स्वतन्त्रता, अभिव्यक्ति अधिकार र सामाजिक सञ्जालको संरक्षणको प्रतिबद्धताले युवा पुस्ताको मुख्य चासो सम्बोधन गर्न खोजेको छ। यो परिषदले युवाहरूलाई राज्य संयन्त्रमा प्रत्यक्ष स्थान दिई भावी पुस्तालाई राजनीतिप्रति विश्वास जगाउँछ। नेपालमा युवाको बेरोजगारी र निराशा बढ्दै गएको सन्दर्भमा यो पक्षले युवा ऊर्जालाई सकारात्मक दिशातर्फ मोड्न सक्ने आधार खडा गर्न सक्छ।

पाँचौं, विगतका धेरै सम्झौताहरू राजपत्रमा प्रकाशित भएका थिएनन् भने यो सम्झौतालाई राजपत्रमा प्रकाशित गर्ने निर्णयले यसलाई कानुनी र आधिकारिक मान्यता दिएको छ। यसले अदालती चुनौती, सार्वजनिक दबाब वा कार्यान्वयनको आधार प्रदान गर्छ। यो सकारात्मक कदमले सम्झौतालाई विगतका असफल समझदारीभन्दा बलियो बनाएको छ।

राजपत्र प्रकाशनले सहमतिको आधिकारिकता बढाउँछ। यो विगतमा नभएको सकारात्मक कदम हो। प्रधानमन्त्री कार्कीले स्वयं हस्ताक्षर गर्नुले व्यक्तिगत प्रतिबद्धता र महत्व देखाउँछ। पूर्व प्रधानन्यायाधीशको हैसियतले यसलाई न्यायिक वैधानिकता दिन खोजिएको आभास हुन्छ।

छैटौं, सम्झौताले तत्काल राजनीतिक अस्थिरता रोकेर फागुन २१ को निर्वाचनतर्फ अलिकति भए पनि सम्भावनाको बाटो खोलेको बुझ्न सकिन्छ। प्रधानमन्त्री कार्कीले यसलाई युवा नेतृत्वको ब्लुप्रिन्ट भनेकी छन्, जसले युवाहरूलाई राज्यको साझेदार बनाउने अपेक्षा गरिएको छ।

यसले आन्दोलनलाई जनआन्दोलनको मान्यता दिँदै हिंसात्मक द्वन्द्वलाई राजनीतिक प्रक्रियामा रूपान्तरण गरेको छ।

***सहमतिमा चुकेका पक्षहरू***

सम्झौताले युवा आन्दोलनको बलिदानलाई इतिहासमा स्थापित गरेर नेपालको लोकतन्त्रलाई युवामैत्री बनाउने आधार तयार पार्छ। यदि यो सम्झौता इमानदारितापूर्वक कार्यान्वयन भयो भने यस दस्तावेजले देशलाई सुशासन र समृद्धितर्फ डोहोर्‍याउन सक्छ।

जेनजी आन्दोलनको भावना र औचित्य जोगाउन पनि यो सम्झौताको कार्यान्वयन अपरिहार्य छ। सम्झौतामा सकारात्मक पक्षहरू मात्र छैनन्। यसको मस्यौदा तयार गर्नेदेखि हस्ताक्षर गर्ने बेलासम्म यसमा केही प्रक्रियागत र कानुनी त्रुटि भएका छन्। पहिलो र महत्वपूर्ण कमजोरी भनेको यस सम्झौतामा राजनीतिक दलहरूको पूर्ण अनुपस्थिति रहनु हो।

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू नै मुख्य सरोकारवाला र वार्ताका पक्ष हुन्छन्। तर यो सम्झौतामा पुराना दलहरूको संलग्नता र सहमतिलाई ध्यान दिइएन। यसको मुख्य सफलता सबै प्रमुख पक्षहरूको सहभागिता र सर्वपक्षीय स्वामित्व नै हो।

सायद समयको दबाब पनि हुन सक्छ, यस सम्झौतामा दलहहरू पूर्ण रूपमा बाहिरिएका छन्। उनीहरूसँग सोधपुछ गरेर सामान्य औपचारिकता समेत पूरा गरिएको छैन। लोकतन्त्रमा दलहरू भनेका जनताका वारिस हुन् भन्ने कुरा पूर्वमुख्यन्यायाधीश र हालको प्रधानमन्त्रीले भन्दा अरू कसले बुझेको होला र?

तर व्यवहारमा वा दस्तावेजमा यो प्रतिबिम्बित भएन।

फागुन २१ को निर्वाचनपछि आउने संसदमा यी दलहरूको उपस्थिति कम आँक्न सकिँदैन। उनीहरूले यो सहमतिलाई अस्वीकार गरेमा कार्यान्वयनमा समस्या आउन सक्छन्। आन्दोलनको भावना पुराना दलप्रति अविश्वासमा आधारित भए पनि व्यावहारिक राजनीतिमा दलहरूलाई बाइपास गर्न हुँदैन थियो।

सम्झौतामा दलहरू बाहिर रहनुले कार्यान्वयनमा जोखिम देखिनु स्वाभाविकै भयो। मूलतः यो सम्झौताको कार्यान्वयन नयाँ संसदले गर्ने हो। आगामी संसदले कार्यान्वयन गराउने तत्परता नदेखाए के होला?

उत्तर सहज छ – आगामी संसदमा सहमति अस्वीकार भए पुनः आन्दोलनकारीहरू सडकमा आउन सक्ने सम्भावना हुन्छ र यसले राजनीतिक अस्थिरता बढाउँछ, युवा र दलहरू बीचको खाडल गहिरो बनाउँछ।

कामना गरौं, यसले युवा र दलहरू बीचको खाडल गहिरो नबनाओस्।

दोस्रो, यस सम्झौताको मूल समस्या भनेको अन्तरिम सरकारको सीमित अधिकार र संवैधानिक विवाद हो।

अन्तरिम सरकार भनेको निर्वाचन सम्पन्न गर्न गठित सरकार हो। यस अगाडि एमाले र कांग्रेस लगायतले गठबन्धन गरेर चलाएको सरकारले पनि सुरूमा गठबन्धनको पुष्टि स्वरूप संविधान संशोधन गर्ने भनेर राखेका थिए। तर संविधान संशोधनको सहमतिमा उनीहरूले कहिल्यै पनि इमानदारिता देखाएनन्।

यसले संविधान संशोधन, आयोग गठन जस्ता दीर्घकालीन दायित्व सिर्जना गर्ने सम्झौता गर्नु संवैधानिक रूपमा अदालतमा प्रश्न गएर विवादास्पद भइसकेको छ। अन्तरिम सरकारको वैधानिकतामाथि नै सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ।

कहीं कतै सम्झौताको उद्देश्य फागुन २१ पछि आउने सरकारलाई बाध्य पार्ने प्रयासजस्तो महसुस हुन्छ। कुनै एजेन्डा स्थापना गर्न कहिलेकाहीं यस्ता कुराहरूले सहयोग त गर्लान्, तर यो लोकतान्त्रिक अभ्यासमा स्वीकार्य हुँदैन।

अन्तरिम सरकारसँग गरिएको यो सम्झौतामा बलियो कानुनी आधार नभए पनि यसले भावी सरकारलाई मार्गनिर्देश गर्न सक्छ।

*बाँकी पृष्ठ ३मा*

# एआईले मानव मस्तिष्कको कार्यक्षमता घटाइरहेको विज्ञहरूको चेतावनी

-जर्ज स्यान्डमन



*तपाईँले पछिल्लो पटक एआई च्याटबटलाई के अह्राउनुभएको थियो?*

सायद तपाईँले कुनै कठिन प्रश्नको जबाफ दिन, जटिल तथ्याङ्कलाई विश्लेषण गर्न वा जागिरका निम्ति लेखिएको आवेदनपत्रको बेहोरा कामको विवरणसँग मेल खाए नखाएको जाँच्न अह्राउनुभएको हुन सक्छ।

यस प्रकारका काममा बाह्य सहयोग लिनुको अर्थ तपाईंको मस्तिष्कको सक्रियता घटेको भन्दै केही विज्ञहरूले चिन्ता प्रकट गरेका छन्। उनीहरूका अनुसार अझ यसले तपाईंको आलोचनात्मक चेत र समस्या हल गर्ने सीपहरूलाई पनि क्षति पुऱ्याउन सक्छ।

यस वर्षको सुरुमा म्यासाचुसेट्स इन्स्टिट्यूट अफ टेक्नोलोजी (एमआईटी)ले प्रकाशित गरेको एउटा शोधका अनुसार जजसले निबन्ध लेख्न च्याटजीपीटी प्रयोग गर्थे, त्यसो गरिरहँदा तिनका मस्तिष्कका सञ्जालहरूले कम गतिविधि देखाए जुन संज्ञानात्मक प्रक्रियासँग सम्बन्धित थिए।

त्यसका अलावा ती व्यक्तिहरूले अध्ययनका क्रममा एआई च्याटबट प्रयोग नगर्नेहरूले झैं सजिलै आफ्ना निबन्धहरूबाट उद्धृत गर्न सक्दैनथे। शोधकर्ताहरूका अनुसार उक्त अध्ययनले "अध्ययन कौशलको सम्भावित गिरावटको खोजको तत्काल आवश्यकतालाई" दर्शाएको छ।

सबै ५४ जना सहभागीलाई एमआईटी र नजिकैका विश्वविद्यालयहरूबाट लिइएको थियो। इलेक्ट्रोएन्सेफेलोग्राफी ( ईईजी) प्रयोग गरेर उनीहरूको मस्तिष्कको गतिविधि रेकर्ड गरिएको थियो। यसो गर्न टाउकोमा इलेक्ट्रोडहरू राखिन्छन्।

सहभागीहरूले प्रयोग गरेका केही प्रम्टहरूमा एआईलाई निबन्धका प्रश्नहरूको सारांश लेख्न, स्रोतहरू पत्ता लगाउन र व्याकरण तथा शैलीगत सुधार गर्न भनिएको थियो।

साथै त्यसको उपयोग विचारहरूको निर्माण तथा त्यसलाई अभिव्यक्त गर्नका निम्ति पनि गरिएको थियो तर केही प्रयोगकर्ताहरूले एआईले उक्त कार्यका निम्ति त्यति राम्रो काम नगरेको महसुस गरेका थिए।

*'एआईले जबाफ खोज्न निकै सजिलो बनाउँछ'*

मानिसहरू एआईमा अत्यधिक निर्भर भएमा यसले समस्या समाधान गर्ने क्षमतालाई कमजोर पार्न सक्ने 'कोपाइलट' सञ्चालन गर्दै आएका कार्नेगी मेलन विश्वविद्यालय र माइक्रोसफ्टको अध्ययनले देखाएका छन्।

उनीहरूले ३१९ जना प्रशासनिक कर्मचारीहरूको सर्वेक्षण गरे जसले आफ्नो काममा क्रममा सातामा कम्तिमा एकपटक एआईको प्रयोग गर्थे। एआई प्रयोग गर्दै गर्दा उनीहरूले आलोचनात्मक चेतको उपयोग कसरी गर्छन् भन्ने हेर्नु उक्त शोधको उद्देश्य थियो।

उनीहरूले एआईलाई अह्राइएका ९०० वटा कामका उदाहरणहरू हेरे जसमा नयाँ निष्कर्षका निम्ति तथ्याङ्क विश्लेषण गर्नेदेखि कुनै काम निश्चित नियमपूर्वक गरे नगरेको जाँच्नेसम्मका विषय थिए।

उक्त अध्ययनले कुनै एआई उपकरणमाथि अधिक भरोसा गरिने अवस्था "आलोचनात्मक चेतको कम प्रयत्न"सँग सम्बन्धित भएको पत्ता लगायो।

"जेनेरेटिभ एआईले कामदारको दक्षता बढाउन सक्छ तर कामसँगको महत्त्वपूर्ण संलग्नतालाई सीमित गरिदिन सक्छ र सम्भावित रूपमा उपकरणमाथिको दीर्घकालीन र अत्यधिक निर्भरता स्वतन्त्र रूपमा गरिने समस्या समाधानको सीप घटाउने कारण बन्न सक्छ।"

यूकेमा विद्यालयमा अध्ययनरत बालबालिकामाथि पनि एउटा सर्वेक्षण गरिएको थियो जुन अक्टोबरमा अक्सफर्ड विश्वविद्यालय प्रेस (ओयूपी) ले प्रकाशित गरेको छ।

त्यसमा १० मध्ये ६ जनाले एआईले पढाइसँग सम्बन्धित आफ्नो क्षमतामा नकारात्मक असर पारेको महसुस गरेका देखियो।

त्यसोभए के एआईको प्रयोगमा व्यापक वृद्धि भइरहँदा हाम्रो संज्ञानात्मक क्षमता घट्न सक्ने जोखिम छ?

त्यसै हुन्छ भन्ने नभएको उक्त सर्वेक्षणमा समेत काम गरेकी ओयूपीकी एआई विशेषज्ञ डा एलेक्सेन्ड्रा तोमेस्कु बताउँछिन्।

"उक्त सर्वेक्षणले १० मा ९ विद्यार्थीले एआईले पढाइसम्बन्धी कमसेकम एउटा क्षमतामा मद्दत पुऱ्याएको बताएका पनि देखाउँछ चाहे त्यो समस्या हल गर्ने विषय होस्, रचनात्मकता वा पढाइको पुनरावलोकको विषय होस्।"

"तर फेरि त्यसो भनिरहँदा एक चौथाइले चाहिँ एआईले उनीहरूको कामलाई निकै सजिलो बनाइदिएको बताएका छन्.... त्यसले गर्दा स्थिति काफी जटिल छ।"

धेरै छात्रछात्राले एआईको प्रयोगका सम्बन्धमा थप मार्गदर्शन चाहेको बताएका समेत उनले थपिन्।

च्याटजीपीटीका प्रमुख शाम अल्टम्यानका अनुसार साप्ताहिक रूपमा यसका ८० करोड सक्रिय प्रयोगकर्ता छन् र यसले विद्यार्थीका निम्ति प्रम्प्टका त्यस्ता १०० वटा सेटहरू ल्याएको छ जो विद्यार्थीहरूलाई प्रविधिको अधिकतम लाभ उठाउन मद्दत गर्न सक्ने गरी विकास गरिएको छ।

तर त्यो पर्याप्त नभएको युनिभर्सिटी कलेज लन्डनमा 'क्रिटिकल स्टडिज अफ आर्टिफिशल इन्टेलिजन्श एन्ड एजुकेशन'बारे अनुसन्धानरत प्राध्यापक वेन होम्स बताउँछन्।

विद्यार्थीलाई यी उपकरणहरू प्रयोग गर्न प्रोत्साहित गर्नुअघि यसले सिकाइमा पार्ने प्रभावबारे थप शैक्षिक अनुसन्धान होस् भन्ने उनी चाहन्छन्।

उनले हामीसँग भने: "आजसम्म यी उपकरणहरूको शिक्षा क्षेत्रमा प्रभावकारिता, सुरक्षा वा तिनीहरूले सकारात्मक प्रभाव पार्छन् भन्ने विचारका निम्ति पर्याप्त स्तरको कुनै स्वतन्त्र प्रमाण छैन।"

*उत्तम परिणाम तर खराब सिकाइ?*

प्राध्यापक होम्स संज्ञानात्मक ह्राससम्बन्धी ती अनुसन्धानतर्फ सङ्केत गर्छन् जहाँ कसैको क्षमता र सीप एआई प्रयोग गरेपछि कमजोर हुन्छन्।

उनले रेडिओलजिस्टहरूको उदाहरण दिए। उनका अनुसार बिरामीको निदान गर्नुअघि एक्सरेको व्याख्या गर्न एआईको उपयोग गर्ने रेडिओलजिस्टका निम्ति यो समस्या बनेको छ।

गत वर्ष प्रकाशित हार्भर्ड मेडिकल स्कूलको एक अध्ययनका अनुसार एआईको मद्दतले केही चिकित्सकहरूको कार्यक्षमता त सुध्रियो तर केहीको क्षमतामा नकारात्मक असर पनि पऱ्यो जसको कारणबारेअनुसन्धानकर्ताहरू पूर्ण रूपमा यकिन छैनन्।

लेखकहरूले मान्छेले एआईसँग अन्तरक्रिया गर्ने तरिकाबारे थप अनुसन्धान हुनु पर्ने बताएका छन् ताकि त्यसबाट एआई उपकरणहरू प्रयोग गर्ने त्यस्ता तरिकाहरू पत्ता लगाउन सकियोस् जसले मानव क्षमतालाई ह्रास पुऱ्याउनुको सट्टा बढावा दिन्छ।

प्रोफेसर होम्सलाई विद्यालय वा विश्वविद्यालयका विद्यार्थीहरू आफ्नो कामका लागि एआईमा अत्यधिक निर्भर हुन सक्ने र त्यसो हुँदा शिक्षामार्फत् दिन खोजिएको आधारभूत सीपको विकासमा बाधा पुग्ला भन्ने डर छ।

एआईको सहयोगले विद्यार्थीको निबन्धले राम्रो अङ्क त पाउन सक्छ तर मुख्य कुरा के हो भने यसले उसको बुझाइमा कमी ल्याउन सक्छ।

प्राध्यापक होम्स त्यसलाई यसरी अर्थ्याउँछन्: "उनीहरूको नतिजा राम्रो छ तर वास्तवमा सिकाइचाहिँ कमजोर छ।"

च्याटजीपीटीको सञ्चालक ओपनएआईमा अन्तर्राष्ट्रिय शिक्षाको नेतृत्व गर्दै आएकी तथा उक्त संस्था र अक्सफर्ड विश्वविद्यालयबीचको सम्झौता सुनिश्चित गराउन भूमिका समेत खेलेकी जयना देवानी आफ्नो संस्था "अहिले चलिरहेको बहसबारे पूर्ण रूपमा सचेत रहेको" बताउँछिन्।

उनी बीबीसीसँग भन्छिन्: "विद्यार्थीहरूले आफ्नो काम बाह्य स्रोतबाट गराउन च्याटजीपीटी प्रयोग गर्नु ठीक हो भन्ने हामी निश्चित रूपमा सोच्दैनौँ।"

उनको विचारमा यसलाई केवल उत्तर दिने उपकरणको रूपमा नभइ शिक्षकका रूपमा प्रयोग गर्नु उत्तम हो।

उनीद्वारा दिइएको उदाहरणमा एकजना विद्यार्थीले 'स्टडी मोड सेटिङ' प्रयोग गरेर च्याटजीपीटीसँग अन्तर्क्रिया गरिरहेको देखाइएको छ। तपाईं आफूलाई जवाफ दिन गाह्रो भइरहेको प्रश्न प्रविष्ट गर्नुहुन्छ र च्याटबटले त्यसलाई भागभागमा विश्लेषण गरेर बुझ्न सहयोग गर्छ।

उनी आफूले राम्ररी नबुझेको विषयमा राति अबेर गृहकार्य गरिरहेको एक विद्यार्थीको उदाहरण प्रस्तुत गर्छिन्।

"यदि तपाईंले चाँडै प्रस्तुति दिनुपर्ने छ र मध्यरात भइसकेको छ भने तपाईं आफ्नो (विश्वविद्यालयका) शिक्षकलाई इमेल गरेर सहयोग माग्नुहुन्नँ," उनी भन्छिन्।

"निश्चित कुरा लक्ष्य गरेर प्रयोग गरिँदा च्याटजीपीटीले सिकाइलाई तीव्र बनाउने वास्तविक सम्भावना छ भन्ने मलाई लाग्छ।"

तर प्राध्यापक होम्स एआई उपकरणहरू प्रयोग गर्ने विद्यार्थीले त्यसले कति सुझबुझका साथ काम गर्छ र सञ्चालक कम्पनीहरूले कसरी तथ्याङ्क व्यवस्थापन गर्छन् भन्नेबारे सचेत हुनु पर्नेमा जोड दिन्छन्। साथै उनी प्राप्त परिणामलाई सधैँ जाँच्नु पर्नेमा पनि जोड दिन्छन्। "यो केवल क्यालकुलेटरको नवीन विकास होइन," एआईको दूरगामी क्षमता र प्रभावबारे वर्णन गर्दै उनी भन्छन्।

"म मेरा विद्यार्थीहरूलाई एआई प्रयोग गर्न हुँदैन भनेर कहिल्यै भन्दिनँ... तर म के भन्ने कोसिस गर्छु भने हामीले यी विभिन्न चिजहरूबारे बुझ्नुपर्छ ताकि सचेत निर्णय लिन सकियोस्।"

*बीबीसी/नेपाली*

## जेनजीसँगको..........

जेनजी आन्दोलनको सफलता र युवाहरूको विश्वास कायम राख्न यो सहमतिको कार्यान्वयन चुनौतीपूर्ण तर आवश्यक छ। प्रतिशोध त्यागेर सकारात्मक रूपमा अघि बढेमा मात्र यसले सार्थकता पाउनेछ, जसका लागि संविधान संशोधनअघि विस्तृत पुनरवलोकन अनिवार्य छ।

र पनि, संविधान संशोधनको एजेन्डा पुरानै भएकाले यो प्रक्रिया अघि बढ्नु स्वाभाविक छ। यो सम्झौतालाई पूर्ण कानुनी दस्तावेजभन्दा पनि भावी सरकारका लागि एउटा मार्गदर्शनका रूपमा लिन सकिन्छ।

तेस्रो, जेनजी आन्दोलनभित्रै विभाजन र एकताको अभाव हो।

सम्झौतामा हस्ताक्षर कार्यक्रममै केही अभियानीहरूले सम्झौता पत्र च्यातेका र आफ्नो असन्तुष्टि जाहेर गरेका थिए, जुन अपेक्षित थिएन। केही समूहले यसलाई 'आन्दोलन तुहाउन गरिएको षड्यन्त्र' पनि भनिसकेका छन्। यसले आन्दोलनको एकता कमजोर भएको देखायो र प्रतिनिधित्व अपूर्ण भएको तथा कार्यान्वयनप्रति शंका भएकाले आन्तरिक विरोध बढेको छ। यदि आन्दोलनकारीहरू नै एकमत नभएमा कार्यान्वयन कसरी होला भन्ने जिज्ञासा आउनु स्वाभाविक भयो।

चौथो, यस सम्झौतामा कार्यान्वयन संयन्त्रको अस्पष्टता छ।

धेरै बुँदाहरू संसदबाट पारित हुने कानुन र संविधान संशोधनमा निर्भर छन्। तर कार्यान्वयनको स्पष्ट समयसीमा, जिम्मेवारी र संयन्त्र उल्लेख छैन। विगतका १२ बुँदे सहमतिमा शान्ति प्रक्रियाका केही बुँदा कागजमै सीमित भएको इतिहास हेर्दा यो खतरा भविष्यमा पनि रहन सक्छ।

आपसी सहमतिमा कार्यान्वयन गर्ने भनिए पनि कानुनी बाध्यकारी नहुँदा प्रभावहीन हुने सम्भावना रहन्छ।

पाँचौं, यसमा नागरिक समाज, विज्ञ र अन्य सरोकारवालाको अभाव छ।

यस्तो महत्वपूर्ण सम्झौतामा तटस्थ मध्यस्थको रूपमा नागरिक समाज र विज्ञहरूको उपस्थिति राखिएको भए सम्झौता बहुपक्षीय बनाउन सकिन्थ्यो र व्यापक स्वीकार्यता बढाउन सकिन्थ्यो। सबै पक्ष समेटिएको भए कार्यान्वयनको सुनिश्चितता र दिगोपनको सम्भावना बढ्थ्यो।

छैटौं, निर्वाचन सुधारको कुरा गर्दा ठूलो अध्ययन, अनुसन्धान र घनीभूत छलफलको आवश्यकता हुन्छ। यसका महत्वपूर्ण एजेन्डा हचुवाको भरमा र आन्दोलनकारीहरूलाई खुसी पार्न मात्र राखिएको भान हुन्छ।

यी बुँदाहरूले आगामी दिनमा सम्झौता कार्यान्वयन त्यति सहज देखिँदैन। सम्झौतामा संवैधानिक प्रश्न उठाउँदै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। रिट निवेदनमा सरकारसँग दीर्घकालीन प्रभाव पार्ने राजनीतिक वा संरचनात्मक सम्झौता गर्ने वैधानिक अधिकार नभएको जिकिर गरिएको छ।

आन्दोलनको बहानामा संवैधानिक मर्यादा उल्लंघन गरी मुलुकलाई अस्थिरतातर्फ धकेलिएको र अख्तियार जस्ता संवैधानिक निकायको समानान्तर नयाँ आयोग गठन गर्नु संविधानको भावना विपरीत रहेको दाबी गरिएको छ।

रिटमा उक्त १० बुँदे सम्झौता र सोसम्बन्धी राजपत्रको सूचनालाई असंवैधानिक ठहर गर्दै बदर गर्न माग गरिएको छ।

साथै, राज्य संरचनामा पुग्न सक्ने दीर्घकालीन क्षति रोक्न अन्तिम फैसला नभएसम्म सम्झौता कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेशको समेत माग गरिएको छ।

अदालतमा गएको रिट सम्झौता कार्यान्वयनका लागि पहिलो गाँसमै ढुंगा बनेको छ। अदालतमा विचाराधीन विषयमा प्रतीक्षा गर्नुबाहेक अरू विकल्प देखिँदैन।

*अबको बाटो*

यो सहमतिको आधिकारिकता बढाउन र दिगो बनाउन सरकारले निम्न कदम चाल्नुपर्छ।

- सरकारले राजनीतिक दलहरूसँग तुरुन्त संवाद थाल्न ढिलाइ गर्नु हुँदैन। आगामी संसदमा सम्झौताका बुँदाहरू विधेयकका रूपमा प्रस्तुत गरी सर्वपक्षीय सहमति खोज्नुपर्छ।
- नागरिक समाज, विज्ञ र युवालाई समेटेर स्वतन्त्र कार्यान्वयन संयन्त्र बनाउनुपर्छ। समयसीमा तोकेर प्राथमिकताका बुँदाहरू – जस्तै पीडित राहत, भ्रष्टाचार छानबिन जस्ता कार्यहरू तत्काल कार्यान्वयनतर्फ अघि बढ्नुपर्छ। महत्वपूर्ण सहमतिमा नागरिक समाजको उपस्थिति अपरिहार्य हुन्छ, जसले व्यापक स्वीकार्यता ल्याउँछ र कार्यान्वयनमा सहजता दिन्छ।
- जेनजी परिषदलाई सल्लाहकार मात्र होइन, अनुगमनको भूमिका दिएर सकेसम्म युवाहरूको अपनत्व बढाउनुपर्छ।
- निर्वाचन सुधार र सुशासन आयोगलाई प्राथमिकता दिएर विश्वास जगाउन सक्नुपर्छ। आवश्यक भए, निर्वाचन मिति सारेर पनि सर्वपक्षीय सहमति खोज्न हिचकिचाउनु हुँदैन।
- यो सहमति जेनजीका लागि ठूलो अवसर मात्र होइन, सरकारलाई कार्यान्वयनमा सहयोग गर्ने दायित्व पनि उनीहरूकै हो। जेन-जीको अपनत्वमा बनेको नागरिक-सरकार भएकाले युवाहरूले निरन्तर रचनात्मक खबरदारी गर्नुपर्छ। विरोध मात्र होइन, सहयोग र दबाब सँगसँगै आवश्यक छ। यदि कार्यान्वयन भएन भने आन्दोलनको बलिदान र औचित्य नै प्रश्नमा पर्छ। युवाहरूले एकता कायम राखेर दबाब दिनुपर्छ।

जेन-जी आन्दोलनको सान्दर्भिकता जोगाउन यो सम्झौताको कार्यान्वयन अनिवार्य छ। आन्दोलनपछि सरकार र आन्दोलनकारीबीच हुने सम्झौताले तत्काल शान्ति र निकासको बाटो खोल्दछ।

ढिलै भए पनि सम्झौताको दस्तावेजीकरण हुनु सकारात्मक छ, जसले युवाहरूमा राज्यप्रति आशा जगाएको छ।

यद्यपि, यसका दीर्घकालीन र जटिल बुँदाहरूको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। यो प्रक्रिया प्रतिशोधको साटो सबै पक्षले सकारात्मक रूपमा लिएमा मात्र द्वन्द्व टर्न सक्छ। साथै, कुनै पनि संविधान संशोधनअघि यसको गहन पुनरावलोकन हुनु आवश्यक छ।

अन्त्यमा, यो सम्झौता नेपालको लोकतन्त्रको नयाँ अध्यायको सुरूआत हुन सक्छ। युवा ऊर्जा र संस्थागत सुधारको संयोजनले सुशासन र समृद्धि सम्भव छ।

तर दलहरूलाई बाइपास गरेर अघि बढ्नु दीर्घकालमा घातक हुन सक्छ। विगतका पाठबाट सिकेर सबै पक्ष मिलेर कार्यान्वयन गरे नेपालले साँच्चै युवा नेतृत्वको युग सुरू गर्न सक्छ।

आशा गरौं, फागुनको निर्वाचनपछि यो सहमतिले नेपाललाई मजबुत, समावेशी र समृद्ध बनाओस्। युवा पुस्ताको सपना साकार होस्।

# मधेशमा चिसो बढ्दो, जनजीवन प्रभावित

दैनिक समाचारदाता

जनकपुरधाम, ८ पुस । मधेश प्रदेशमा पुसको पहिलो साताादेखि निरन्तर चिसो बढ्दै जाँदा जनजीवन प्रभावित हुन थालेको छ । शीतलहर र बाक्लो हुस्सुका कारण दिनभरि जनकपुरधामका सडकहरू सुनसान देखिन थालेका छन् भने कतिपय स्थानीय तहले विद्यालयमा विदा घोषणा गरेका छन् ।

'जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा देखिन थालेको छ । मानव जाति सचेत नभए प्राकृतिक संकट झन् गहिरिँदै जाने निश्चित छ,' इन्सेकका प्रदेश संयोजक राजु पासमानले बताए । उनले थपे, 'एकाएक चिसो बढ्नु र फेरि असामान्य रूपमा गर्मी आउनुले विभिन्न रोगव्याधि जन्मिने जोखिम बढाउँछ । यसले मानव जीवन चौतर्फी रूपमा प्रभावित बनाउँछ । त्यसैले जलवायु



परिवर्तनप्रति नागरिक समाज र राज्य दुवै गम्भीर हुन आवश्यक छ ।'

गत पुस ४ गते शुक्रबारदेखि तराई-मधेशका जिल्लाहरूमा चिसोको प्रभाव तीव्र हुँदै गएको छ । चिसोका कारण ग्रामीण भेगका दलित, जनजाति तथा असहाय समुदाय बढी प्रभावित भएका छन् भने सहरमा दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने वर्ग कठिनाइमा परेको छ ।

निरन्तर चिसो बढिरहेकाले बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी तथा अशक्त व्यक्तिहरू बढी जोखिममा छन् । चिसोजन्य रोगहरू, जस्तै निमोनिया तथा श्वासप्रश्वाससम्बन्धी समस्या बढ्ने सम्भावना उच्च रहेको चिकित्सकहरूले बताएका छन् । विपन्न, दलित र अल्पसंख्यक परिवारहरूमा न्यानो कपडाको अभावले समस्या झन् जटिल बनेको छ । मानिसहरू घर, चोक-चौतारी र बजार क्षेत्रमा आगो तापेर बस्न बाध्य छन् । यसैगरी पशुचौपाया र पन्छीहरू पनि प्रभावित भएका छन् भने कृषि बालीमा समेत असर पर्न थालेको छ । हालसम्म स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सरोकारवाला निकायबाट प्रभावितहरूका लागि न्यानो कपडा, कम्बल वा अन्य राहत वितरणमा उल्लेख्य सक्रियता देखिएको छैन । यद्यपि केही जिल्लामा कम्बल तथा दाउरा वितरणको तयारी भइरहेको जनाइएको छ ।

चिसोबाट जोगिन चिकित्सक रामबाबु रमण जयसवालले सबैलाई न्यानो कपडा लगाउन, झोलिला तथा तातो खानेकुरा सेवन गर्न र विशेषगरी बालबालिका तथा वृद्धवृद्धाको उचित हेरचाह गर्न सुझाव दिएका छन् ।

# एनसेलले अहिलेसम्म सरकारलाई बुझायो साढे ३ खर्ब बढी राजस्व

दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । निजी लगानीको दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले अहिलेसम्म सरकारलाई साढे ३ खर्ब रुपैयाँभन्दा बढी राजस्व बुझाएको छ ।

एनसेलले गत आर्थिक वर्ष २०८१/८२ सम्म राज्यलाई उक्त परिमाण बराबर कर बुझाएको तथ्यांकमा देखिन्छ । कम्पनीले सरकारलाई बुझाएको राजस्व रकम सरकारले एक आर्थिक वर्षमा विनियोजन गर्ने पूँजीगत बजेटभन्दा माथि हो ।

सरकारले गत आव पूँजीगत बजेट ३ खर्ब ५३ अर्ब विनियोजन गरेको थियो । तथ्यांक अनुसार एनसेलले गत आवसम्म ३ खर्ब ५७ अर्ब ५९ करोड ९४ लाख रुपैयाँ कर बुझाएको तथ्यांक छ ।

एनसेलले हरेक वर्ष राज्यलाई अर्बौं रुपैयाँ कर बुझाएको छ । एनसेलले मुलुकभरि १ लाखभन्दा बढी प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना गरेको कम्पनीको तथ्यांक छ ।

विज्ञहरू एनसेलले राज्यलाई कर मात्रै तिरेको अर्थमा बुझ्दा योगदान अपूर्ण हुने बताउँछन् । 'एनसेलको योगदान रकममा मात्रै छैन, यसले मुलुकको अर्थतन्त्रको विकासमा ठूलो योगदान दिएको छ,' एक अर्थविद् भन्छन्, 'दूरसञ्चारमा एकाधिकार रहेको यो क्षेत्रलाई प्रतिस्पर्धी बनाउँदै दूरसञ्चार सेवाको पहुँचमा व्यापक विस्तारमा एनसेलको ठूलो योगदान छ ।'

पछिल्लो समय एनसेल दूरसञ्चार कम्पनीमा मात्र सीमित नभई अर्थतन्त्र विकासमा एक महत्त्वपूर्ण साझेदार भएको उनको विश्लेषण छ ।

तथ्यांक अनुसार एनसेलले हालसम्म तिरेको करले करिब १ हजार ८ सय मेगावाट क्षमता जलविद्युत् आयोजना निर्माण बनाउन पर्याप्त हुन्छ । देशभरिका सबै मानिसलाई तीन वर्षसम्म निःशुल्क आधारभूत स्वास्थ्य सेवा दिन सकिने बराबर बजेट उपयोग गर्न सकिन्छ ।

एनसेलले आव २०६१/६२ देखि गत आवसम्म बुझाएको यो रकम सरकारले कुनै आर्थिक वर्षमा विभिन्न विकास परियोजनामा गर्ने खर्च बराबर रकम हो ।

***एक वर्षमा एनसेलले तिऱ्यो १७ अर्ब कर***

एनसेलले गत आव मात्रै करिब १७ अर्ब रुपैयाँ कर बुझाएको छ । एनसेलका अनुसार गत आव जीएसएम लाइसेन्स नवीकरण शुल्कबापत २ अर्ब ८५ करोड रुपैयाँ बुझाएको छ ।

दूरसञ्चार सेवा शुल्कबापत २ अर्ब ८२ करोड १३ लाख ५ हजार ४ सय ५१ रुपैयाँ बुझाएको छ भने त्यस्तै स्वामित्व कर ६० करोड ८ लाख ९१ हजार तिरेको छ ।

त्यस्तै नेट भ्याट पेमेन्ट अन सेल्स ३ अर्ब ११ करोड ४९ लाख रुपैयाँ तिरेको छ । भन्सार शुल्क ५४ करोड ८६ लाख, टीडीएस ५५ करोड २५ लाख र एडभान्स ट्याक्स २ अर्ब १३ करोड रुपैयाँ बुझाएको तथ्यांक छ ।

यसैगरी रोयल्टी बापत १ अर्ब ३५ करोड रुपैयाँ बुझाएको छ । ग्रामीण दूरसञ्चार सेवा शुल्क ६७ करोड ८५ लाख र फ्रिक्वेन्सी शुल्क २ अर्ब २५ करोड ९२ लाख रुपैयाँ बुझाएको एनसेलको तथ्यांक छ ।

पछिल्ला वर्ष टेलिकम कम्पनी नेपाल टेलिकम र एनसेल दुवैको करमा योगदान घट्दो क्रममा छ । १ मंसिरमा सरकारले कर तिर्ने उत्कृष्ट कम्पनी र व्यक्तिलाई सम्मान गर्दा यी दुई कम्पनी धेरै आयकर तिर्ने अथवा उत्कृष्ट करदाताका सूचीमा अटाएनन् ।

'उत्कृष्ट करदाता हुन धेरै कर तिर्नुपऱ्यो, तर दूरसञ्चार क्षेत्रमा आएको शिथिलता र आयमा गिरावटले टेलिकम कम्पनी पिल्सिएका छन्,' ती अर्थविद्ले भने, 'बरु, दूरसञ्चार नियामक नेपाल दूरसञ्चार प्राधिकरण आफैं उत्कृष्ट आयकरदाता संस्था बनेको छ ।'

टेलिकम कम्पनीबाट लिइएका विभिन्न शुल्क र बैंकको ब्याजमा भएको आयका आधारमा कर तिर्दा प्राधिकरण उत्कृष्ट आयकरदाता बनेको छ ।

# मटिहानीमा जाडो लक्षित एकीकृत घुम्ती शिविर सुरु

दैनिक समाचारदाता

महोत्तरी, ८ पुस । महोत्तरीको मटिहानी नगरपालिकाले जाडो मौसमलाई लक्षित गर्दै एकीकृत घुम्ती सेवा शिविर सञ्चालन गरेको छ ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले शिविरको उद्घाटन गर्दै वडाबाट प्रवाह हुने सेवाहरूलाई एकीकृत रूपमा जनतासमक्ष पुऱ्याउने उद्देश्यले यो घुम्ती सेवा शिविर आयोजना गरिएको जानकारी दिए । उनले शिविरबाट अपाङ्गता भएका व्यक्ति, गरिब, दलित तथा सीमान्तकृत समुदाय प्रत्यक्ष रूपमा लाभान्वित हुने बताए । नगरप्रमुख मण्डलले स्थानीय नागरिकहरूलाई आफ्नै गाउँ टोलमै आवश्यक सेवा लिन आग्रहसमेत गरेका छन् ।



वडा नं. १ सिरसियाबाट सुरु भएको यो शिविर वडा नं. ९ सम्म सञ्चालन हुने नगरप्रमुख मण्डलले जानकारी दिए । उनले यस अभियानले स्थानीय तह र नगरवासीबीचको सम्बन्ध सुदृढ हुने, नागरिकका गुनासोहरू सुन्ने र समाधानका लागि पहल गरिने विश्वास व्यक्त गरे ।

शिविरमार्फत योजना सम्बन्धी अभिमुखीकरण तथा योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि दरखास्त सङ्कलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, कृषि प्रयोजनका लागि माटो परीक्षण, कृषि मिटर सिफारिस, तरकारी मिनी किट वितरण, गोबर तथा गर्भ परीक्षण, पशुपक्षीसम्बन्धी परामर्श तथा औषधि वितरण, राजस्व असुली, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्तालगायतका सम्पूर्ण सेवाहरू प्रदान गरिने नगरपालिकाले जनाएको छ ।

उद्घाटन कार्यक्रममा नगरपालिकाकी उपप्रमुख मञ्जुदेवी साह, वडा नं. १, ४, ५ र ६ का वडाध्यक्षहरू, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, लेखा शाखा प्रमुख विजयकुमार यादवसहित विभिन्न शाखाका प्रमुखहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, वडा सचिवहरू तथा स्थानीय नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।


## श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकूप

जनकपुरधाम-८, धनुषा

*प्रथम पटक प्रकाशित मिति : २०८२/९/९ गते बुधवार*

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**१. विज्ञापन नं : ०१०/०८२/८३**

(क) पद : शिक्षक
ख) तह र श्रेणी : प्रा. शि. तृ.
(ग) दरबन्दीको किसिम : राहत अनुदान
घ) सेवा किसिम : करार
ङ) सेवा सुविधा : नेपाल सरकारको कानून बमोजिम
च) पद संख्या : १ (एक)
छ) न्यूनतम शैक्षिक योग्यता : शिक्षा शास्त्र विषयमा प्रविणता प्रमाण(पत्र वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।
ज) उमेर हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
झ) परीक्षा दस्तुर : रु. १५००।- (एक हजार पाँच सय)
परीक्षा दस्तुर वापतको रकम यस विद्यालयको जनकपुरधाम स्थित नेपाल बैंक लि.सिटी अफिसको च.हि.नं. ००८००१००४६४१९४००००००१ मा दाखिला गरेको सक्कलै भाउचर

**विज्ञापन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१) नेपाली नागरिकता प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि
२) आफूले प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि
३) शिक्षण अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
४)विद्यालयले उपलब्ध गराएको आवेदन फारम
५) दरखास्त फारम बुझाउने अन्तिम मिति : २०८२/९/२३ गते
६) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
७) पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके अनुसारको
८)शिक्षक सेवा आयोगकले नियमावली २०५७ (संशोधन सहित)को परिच्छेद ३ को उपनियम ६ को बुँदा घ (९) अनुसारको दरखास्त फारम मात्र स्वीकृत गरिनेछ ।

सम्पर्क मिति : २०८२/९/२४ गते विहान ११ बजे

परीक्षा मिति : लिखित परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिने छ ।

प्राधानाध्यापक
**संजय कुमार झा**





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**

**जनकपुरधाम, १४, मधेश प्रदेश**

**मो.नं.: ९८१९८३५३१४**


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४